नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

हुलाक सेवा विभाग

हुलाक निर्देशनालय

पोखरा, कास्की

पत्र संख्याः २०८२/०८३

च.नं.:

# पत्र लेखन प्रतियोगिता सम्बन्धी सूचना

हुलाक सेवा विभागको च.नं.१२९२, मिति २०८२/१२/१० गतेको पत्रानुसार UNESCO को सहकार्यमा अन्तर्राष्ट्रिय हुलाक संघ UPU द्वारा आयोजना हुन लागेको **"Write a letter to a friend about why human connection matters in a digital world"** विषयक ५५ औ अन्तर्राष्ट्रिय पत्रलेखन प्रतियोगिताका लागि उल्लेखित शिर्षकमा पत्र लेखी २०८२ चैत्र ३० गते भित्र आइपुग्ने गरी हुलाक निर्देशनालय पोखरामा पठाउनुहुन अनुरोध छ। यसरी निर्देशनालय र अन्तर्गतका १० जिल्ला बाट प्राप्त हुने पत्रहरु मध्येबाट उत्कृष्ट ३ बटा पत्रहरु राष्ट्रिय स्तरको छनौटको लागी हुलाक सेवा विभागमा पठाईने ब्यहोरा जानकारी गराउदछौ।

<u>प्रतियोगितामा सहभागिताका शर्त तथा सेवा सुविधा</u>

१.सहभागीको **उमेर सन् २०२६ मे ५ सम्म ९ बर्ष पुरा भई १५ बर्ष पुरा नभएको** हुनुपर्ने छ

२.नेपालबाट छनौट गरी पठाइएको पत्र विश्वब्यापी पत्र लेखन प्रतियोगितामा उत्कृष्ट भित्र पर्न गएमा प्रतियोगी र निजको साथमा एकजना अभिभावकलाई पुरस्कार समारोहमा सहभागी हुन (UPU ले तोकेको देश र स्थानमा) कार्यक्रम आयोजकको तर्फबाट हवाइ टिकट र आवासको ब्यवस्था हुने

३.UPU ले छनौट गरेका उत्कृष्ट ३ प्रतियोगीले **Gold, Silver and Bronze मेडल र प्रमाण पत्र** पाउने

४.अन्तराष्ट्रिय प्रतियोगितामा सान्त्वना स्थान हासिल गर्ने र आफ्नो देशबाट उत्कृष्ठ छनौट भएका सहभागीले हुलाक दिवस अक्टोबर ९ का दिन स्वदेशमा नै हुलाक सेवा विभाग र हुलाक निर्देशनालय बाट उचित पुरस्कार प्रदान गरिने

५.पत्रलेखनको भाषा अंग्रेजी मात्र ग्राह्य हुने र अधिकतम ८०० शब्दको हुने।

६.AI बाट लिएको पत्र लेखन प्रकृयालाई ग्राह्यता दिइने छैन।

नोट-.पत्रलेखन सम्बन्धि UPU Guideline र Participants Guide हुलाक निर्देशनालय पोखराको वेभ साईट www.pokhara.nepalpost.gov.np / सुचनाहरु बाट प्राप्त गर्न सकिने छ।

हुलाक निर्देशनालय,पोखरा

०६१-४५३२१४

Email-hulakpaschimanchal.gmail.com

शाखा अधिकृत